# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०३।१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

श्री जनता उच्च मा.बि. रुप्सा कालिकोटको राहत कोटाका मा.वि. तहका गणित र विज्ञान विषयका शिक्षक यीवनकुमार यादवले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाई पेश गरी जागिर खाएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार इन्टरमिडियट शिक्षा परिषद अन्तर्गत रहेको बाब सिंघेश्वर कलेज, सिंघेश्वर मध्यपुरा बाट जारी भएको आई.एस.सी. र सोही प्रमाण-पत्रको आधारमा भूपेन्द्रनारायण मण्डल विश्वविद्यालय, मध्यपुरा बिहार, भारतबाट बि.एस.सी. तह उत्तीर्ण गरेको भनिएको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उल्लिखित पदमा नियुक्ति लिई लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा(१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता